## खत्याड गाउँपालिका २० औं गाउँसभाको दोस्रो बैठक संवत २०८३ साल असार ३१ गतेको मुख्य निर्णयहरु:

निर्णय नं.१ प्रस्ताव नं.१ माथी छलफल गर्दा, यस खत्याड गाउँपालिकाको मिति २०८३/०३/११ गतेदेखि २०८३/०३/३१ गतेसम्मका कार्यपालिकाले गरेका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं.२ प्रस्ताव नं.२ माथी छलफल गर्दा, चालु आ.व २०८३।८४ को गाउँसभाको २० औं अधिवेशनको प्रथम बैठकमा बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक तथा उपाध्यक्ष श्री सरिता रोकायाले प्रस्तुत गर्नु भएको विनियोजन ऐन, २०८३ बमोजिमको बजेट तथा कार्यक्रम दफावार छलफल भई सर्वसम्मत पारित गरियो।

निर्णय नं.३ प्रस्ताव नं.३ माथी छलफल गर्दा, खत्याड गाउँपालिकाको हालको १,२,३,४,५,८,९,१० र ११ नं.वडाहरु भौगोलिक विकटता, ठुलो क्षेत्रफल, जनसंख्या, सेवा प्रवाहमा देखिएको कठिनाई, प्रशासनिक पहुँच तथा स्थानीय नागरिकको मागलाई मध्यनजर गर्दै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुन बमोजिम वडा पुनःसंरचना सम्बन्धी आवश्यक प्रक्रिया अगाडि बढाउन हाल कायम रहेका माथि उल्लेखित वडाहरुलाई वडा विभाजनको लागि सम्वन्धित निकाय समक्ष सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं.४ प्रस्ताव नं.४ माथी छलफल गर्दा, यस खत्याड गाउँपालिकाको मिति २०८३ साल असार ३० गतेका दिन बसेको ११८ औं कार्यपालिकाको बैठकले गरेको बेरुजु फछ्र्योट सम्बन्धी निर्णयलाई २० औं सभाको दोस्रो बैठकमा अनुमोदनको लागि सिफारिस भई आएको बेरुजु फछ्र्योट सम्बन्धी निर्णयलाई यस सभाबाट अनुमोदन गर्ने निर्णय गरियो।

नि.प्रमुख प्रशासकीय अधिकृत